

# ९ याकूबः चालबाजी खेलेर अरुको हक खोसेर लिने

***यस अध्यायका मूल पदहरूः*** उत्पत्ति २५:२१-३४, उत्पत्ति २८:१०-२२, उत्पत्ति ११:१-९, उत्पत्ति २९:१-३० र उत्पत्ति ३०:२५-३२।

***यस अध्यायको मूल सार पदः*** **"एसावले भने, "त्यसको नाउँ याकूब राखिएको के ठीकै होइन? किनभने त्यसले मलाई दुई पल्ट ठगिसक्यो। त्यसले मेरो ज्येष्ठ-अधिकार हर्‍यो, र अहिले मैले पाउने आशिष् पनि लग्यो।" उनले फेरि भने, "के तपाईंले मेरो निम्ति एउटै आशिष् पनि जगेडा राख्नुभएको छैन?" (उत्पत्ति २७:३६)**

अब हामी अब्रहामको सन्तान इसहाकको पारिवारिक इतिहासलाई निरन्तरता दिनेछौं। इसहाकको जन्म नै चमत्कारपूर्ण थियो। परमेश्वरले प्रतिज्ञा गर्नुभएको जातिको सुरुको पुर्खा इसहाक थिए। तर, त्यो जातिको सुरुको कथा खास गरेर रमाइलो तरिकाले सुरु हुँदैन। उनको छोरो याकूबको कमजोर चरित्रले गर्दा दुई दाजुभाइहरूको बीचमा जन्मसिद्ध अधिकारको बारेमा द्वन्द्व भएको थियो (उत्पत्ति २५:२७-३४)। कान्छो छोरो याकूबले आधिकारिकरूपमा जन्मसिद्ध जेठोको अधिकार इसहाकबाट पाएका थिए (उत्पत्ति २७)।

आफ्नो बुबासँग चालबाजी खेलेर आफ्नो दाजुले पाउनुपर्ने आशिष उनीसँग खोसेकोले दाजुको रिसबाट ज्यान जोगाउन याकूब भाग्नु परेको थियो। भाग्ने क्रममा उनले परमेश्वरसँग बेथेलमा भेट हुन्छ (उत्पत्ति २८:१०-२२)। त्यहाँदेखि आफ्नो बाबुलाई धोखा दिने याकूब पनि धोकाको अनुभव गर्नुपर्ने हुन्छ। आफ्नी प्रियसी राहेलसँग विवाह गर्नुको सट्टा उनले मन नपाराएकी उनकी जेठी दिदी लिहसँग विवाह गर्नुपर्ने धोकामा याकूब पर्छन्। आफ्नी श्रीमतीहरू पाउन याकूबले १४ वर्ष काम गर्नुपर्ने हुन्छ। यद्यपि, याकूबले

परमेश्वरका आशिषहरू उपभोग गर्न पाउँछन्। प्रवासी जीवन बिताइरहेकै अवस्थामा याकूले ११ छोराहरू जन्माउँछन्। परमेश्वरले उनको धनसम्पत्ति पनि बढाउनुहुन्छ।

यसरी, कथामा जेभएतापनि परमेश्वरले आफूले गर्नुभएको प्रतिज्ञाहरूलाई पूरा गर्नुहुनेछ भनेर यस कथामा हामी पाउँछौं। मानिसहरू जतिसुकै कमजोर भएतापनि, जतिसुकै असफल भएतापनि, आस्थामा जतिसुकै चुकेतापनि परमेश्वरले आफ्नो योजना कार्यान्वयन गर्नुहुन्छ भन्ने कुरामा हामी ढुक्क हुनुपर्दछ।

## १. याकूब र एसाव

**याकूब र एसाव एउटै बाबु र आमाका छोराहरू थिए। दुवै एउटै वातावरणमा हुर्केका थिए। दुवैका अवसरहरू एउटै थिए, यद्यपि, ती दुई दाजुभाइका व्यक्तित्व वा चरित्रहरू एकदम फरक थिए। याकूबमा के गुणहरू थियो जसले गर्दा इसहाकको आशिष पाउन योग्य हुन पुग्यो? हेर्नुहोस्, उत्पत्ति २५:२१-३४, "१९ अब्राहामका छोरा इसहाकको वृत्तान्त यही हो। अब्राहामले इसहाकलाई जन्माए। २० इसहाकले चालीस वर्षको उमेरमा पद्दन-आरामका अरामी बतूएलकी छोरी अरामी लाबानकी बहिनी रिबेकासँग विवाह गरे। २१ तिनी बाँझी भएकी हुनाले इसहाकले आफ्नी पत्नीको निम्ति परमप्रभुसँग प्रार्थना गरे। तब परमप्रभुले उनको प्रार्थना सुन्नुभयो, र रिबेका गर्भवती भइन्। २२ गर्भमा भएका बालकहरूले एक-अर्कासँग लड़न्त गर्न लागे। "किन मलाई यस्तो भयो?" भनी तिनले परमप्रभुसँग सोध्न लागिन्। २३ परमप्रभुले तिनलाई भन्नुभयो, "तिम्रो कोखमा दुई जातिहरू छन्, तिम्रो गर्भबाट जन्मँदाखेरि नै दुई जाति छुट्टाछुट्टै जन्मनेछन्। एउटा अर्कोभन्दा बलवान् हुनेछ, र जेठाले कान्छाको सेवा गर्नेछ।" २४ तिनको सुत्केरी हुने बेला आयो, र तिनको कोखमा जुम्ल्याहा रहेछन्। २५ जेठोचाहिँ रातो वर्णको, शरीरभरि रौंको लुगा लाएजस्तै जन्म्यो। यसकारण त्यसको नाउँ एसाव राखियो। २६ त्यसपछि त्यसको भाइचाहिँ एसावको कुर्कुच्चा हातले समातेर निस्क्यो। यसैकारण त्यसको नाउँ याकूब राखियो। रिबेकाले यिनीहरूलाई जन्माउँदा इसहाक साठी वर्ष पुगेका थिए। २७ यिनीहरू बढ़ेपछि एसावचाहिँ सिपालु शिकारी र मैदानमा डुलिहिँड्ने मानिस भए, र याकूबचाहिँ पालमा बसिरहने शान्त स्वभावका मानिस भए। २८ इसहाकले एसावलाई माया गर्थे, किनभने उनले शिकार गरेर ल्याएको मासु तिनले खान**

**पाउँथे। तर रिबेकाले चाहिँ याकूबलाई माया गर्थिन्। २९ एक पल्ट याकूबले सुरुवा पकाइराखेको बेलामा एसाव मैदानबाट आए। उनलाई भोकले भाउन्न छुटेको थियो। ३० एसावले याकूबलाई भने, "मलाई त्यो रातो सुरुवा अलिकता खान देऊ। मलाई भोकले भाउन्न छुटेको छ।" (यसैकारण उनलाई एदोम पनि भनिन्थ्यो।) ३१ याकूबले भने, "पहिले मलाई तपाईंको ज्येष्ठ-अधिकार बेच्नुहोस्।" ३२ एसावले भने, "म त मर्नै आँटें। अब मलाई त्यो ज्येष्ठ-अधिकारको के काम?" ३३ याकूबले भने, "पहिले शपथ खाएर मलाई भन्नुहोस्।" तब उनले शपथ खाए, र आफ्नो ज्येष्ठ-अधिकार याकूबलाई बेचे। ३४ त्यसपछि याकूबले एसावलाई रोटी र दालको सुरुवा दिए। खानपान गरेर एसाव आफ्नो बाटो लागे। यसरी एसावले आफ्नो ज्येष्ठअधिकारलाई लत्त्याए" (उत्पत्ति २५:१९-३४)।**

आमाकै गर्भमा हुँदा याकूब र एसाव फरक थिए र गर्भमा नै तिनीहरू कुस्ताकुस्ती गरेका थिए। एसाब बलियो शिकारी थियो र घरबाट बाहिर डुलुवा थिए। उसको बिपरित याकूब शान्त र नरम मिजासको पालमा बस्दथे। सायद उनी ध्यान गर्न पनि मन पराउँथे होला। सान्त वा नरम स्वभाव भन्ने शब्द हिब्रू भाषामा tam टाम हो। त्यसको अर्थ निर्दोष पनि हो, जुन याकूबलाईमात्र होइन, अय्यूब (अय्यूब १:८) र नोहालाई पनि प्रयोग गरिएको थियो (उत्पत्ति ६:९)। नोहालाई त्यही शब्दलाई "निर्दोष", "पक्का" भनेर प्रयोग गरिएको छ।

ती दुई दाजुभाइका फरक चरित्रहरू तिनीहरू हुर्केपछि अझ देखा परेको थियो (उत्पत्ति २७:१-२८:५)। एक दिन शिकार खेलेर थकित भएर घरमा एसाब फर्केका थिए तब उनी धेरै भोकाएका थिए। याकूले उनलाई दालसुप पकाइ दिन्छन्। दालसुपको मिठो बास्ना पाएपछि र देखेपछि त्यही दिनको भौतिक रमाइलो (उत्पत्ति २५:३१) उनको निम्ति महत्त्व भएको थियो। उनको भविष्यमा जन्मसिद्ध जेष्ठको अधिकार पाउने कुरामा वास्ता उनले वास्ता गरेनन्। यस मामिलामा पावलले यसरी व्यक्त गर्दछन्, "१६ कोही पनि दुराचारी वा एसावजस्तै अधर्मी नहोस्, जसले एकछाक भोजनको लागि आफ्नो ज्येष्ठ पुत्रको जन्मसिद्ध अधिकार बेचिदियो। १७ तिमीहरूलाई थाहै छ, पछिबाट आशीर्वाद पाउन खोज्दा पनि ऊ अस्वीकृत भयो। किनकि उसले पश्चात्ताप गर्ने मौका पाएन, यद्यपि उसले आँसु बगाएर त्यो खोजेको थियो" (हिब्रू १२:१६-१७)।

"परमेश्वरले अब्राहमलाई दिनुभएको प्रतिज्ञालाई उनको छोरोद्वारा अनुमोदन गरिएको थियो। त्यसलाई इसहाक र रिबिकाले तिनीहरूका आशाहरू र चाहनाहरूको केन्द्रविन्दु बनाएका थिए। ती प्रतिज्ञाहरूको बारेमा एसाब र याकूब परिचित थिए। जन्मसिद्ध अधिकारलाई अत्यन्तै महत्त्वपूर्ण मान्नुपर्छ भनेर तिनीहरूलाई सिकाइएको थियो। यसमा केवल भौतिक सम्पत्तिमात्र उपलब्ध हुने कुरो थिएन तर ठूलो आत्मिक आशिषको प्रमूखता पनि गाँसिएको थियो। जुन व्यक्तिले त्यो अधिकार पाउँछ त्यो व्यक्ति घरको मूली वा पुजारी हुन्थ्यो। उसकै सन्तानबाट संसारको मुक्तिदाता आउने थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १७७बाट रूपान्तरित।

उनको दाजुको बिपरित याकूबको निम्ति भविष्यको आत्मिक आशिषको महत्त्वलाई उनले प्राथमिकता दिएका थिए। यद्यपि, आमाको कुरा सुनेछ (उत्पत्ति २७) याकूबले जानाजानी खुलेयाम बुबालाई धोका दिन अघि सरे। त्यसमा उनले परमेश्वरकै नाउँ लिएर पनि आफ्नो चालबाजीलाई जिते (उत्पत्ति २७:२०)। केही कुरा असलै भएको उनले थाहा पाएकोले उनले आफ्नो बाबुलाई भयानक तरिकाले छकाएर जन्मसिद्ध अधिकार खोसे।

*त्यसको नतिजा दुःखद थियो। त्यसले गर्दा बिग्रेको परिवार झन बिग्रियो। त्यसले घरमा नयाँ नयाँ समस्याहरू निम्त्यायो।*

**याकूले असलै कुरो चाहेका थिए, मूल्यवान र प्रशंसनीय कुरो चाहेका थिए। (उनको दाजुको निम्ति त्यो खास महत्त्व थिएन)। तैपनि, याकूबले राजनीति वा चालबाजी खेल्दै झुट बोल्दै आफूले चाहेको कुरो हातमा लिए। असलै भएतापनि त्यसलाई पाउन त्यस खालको चालबाजी नखेल्न हामी पनि कसरी सचेत हुने?**

## २. याकूबको भरेङ्ग

याकूबले आफ्नो बाबुबाट विशेष आशिष अधिकार पाएको र आफूलाई धोका दिएर जेठो छोरोको अधिकार उनले खोसेको (उत्पत्ति २७:३६) थाहा पाउनेबितिक्कै उनले याकूबलाई मार्न चाहेका थिए (उत्पत्ति २७:४२)। दाजुभाइको हत्यालाई रिबेकाले हेर्न चाहिनन् र उनी त्यसप्रति चिन्तित भइन् (उत्पत्ति २७:४२)। त्यसकारण, इसहाकको अनुमोदनमा (उत्पत्ति २८:५)मा उनले याकूबलाई आफ्नो मामा घरमा भाग्न लगाउँछिन् (उत्पत्ति २७:४३)। भाग्दा भाग्दै उनी लखतरान भएर बेलुकीपख उनी बाटोमा एउटा ढुङ्गाको

सिरानी राखेर याकूब सुत्छन्। त्यसबेला उनले स्वप्नदर्शनमा परमेश्वरलाई देख्छन्। त्यस ठाउँलाई उनले बेथेल भनेर नाउँ दिन्छन्, जसको अर्थ हो "परमेश्वरको घर", र त्यहाँ उनी परमेश्वरको आडमा हिंड्ने शपथ खान्छन्।

**देहायका पदहरू पढेर बेथेल बाबेलभन्दा किन फरक छ सो सोच्नुहोस्। बाबेलमा जे भयो र त्यसको बिपरित बेथलमा भएको याकूबको अनुभवले हाम्रो सम्बन्ध परमेश्वरसँग कस्तो हुनुपर्छ भनेर कस्तो पाठ हामीले सिक्न सक्छौं? हेर्नुहोस्, "६ अब इसहाकले याकूबलाई आशीर्वाद दिएर पत्नी ल्याउन त्यहाँबाट पद्दन-आराममा पठाएछन्, र तिनलाई आशीर्वाद दिएर, "तिमीले कनानी स्त्रीहरूमध्ये कसैलाई विवाह नगर्नू" भन्ने कुरा एसावले थाहा पाए। ७ र याकूब बाबु-आमाको आज्ञा मानेर पद्दन-आरामतर्फ गएछ भन्ने पनि एसावले थाहा पाए। ८ कनानी स्त्रीहरू उनका बाबुलाई मन पर्दैन रहेछ भन्ने जब एसावले पत्ता लगाए, ९ तब एसाव इश्माएलकहाँ गए, र उनका आफ्ना पत्नीहरूबाहेक अब्राहामका छोरा इश्माएलकी छोरी र नबायोतकी बहिनी महलतलाई आफ्नी पत्नी तुल्याएर ल्याए। १० बेर्शेबा छोड़ेर याकूब हारानतिर लागे। ११ कुनै एउटा ठाउँमा पुगेपछि सूर्य अस्ताएको हुनाले तिनी त्यस रात त्यहीं वास बसे। त्यस ठाउँका ढुङ्गाहरूबाट एउटा लिएर तिनले आफ्नो सिरान बनाएर सुत्नलाई त्यहीं पल्टे। १२ तिनले यस्तो सपना देखेः जमिनमा खड़ा गरिएको एउटा भऱ्याङ रहेछ, र त्यसको टुप्पाचाहिँ आकाशसम्मै पुगेको रहेछ र परमेश्वरका दूतहरू त्यसमा उक्लने र ओर्लने गर्दारहेछन्। १३ परमप्रभु त्यसमाथि उभिनुभयो, र याकूबलाई भन्नुभयो, "म परमप्रभु, तिम्रा पिता अब्राहामका परमेश्वर र इसहाकका परमेश्वर हुँ। जुन भूमिमा तिमी ढल्किरहेका छौ त्यो म तिमीलाई र तिम्रा सन्तानहरूलाई दिनेछु। १४ तिम्रा सन्तान पृथ्वीको धूलोसरह हुनेछन्। पूर्व, पश्चिम, उत्तर र दक्षिणतिर फैलिएर तिमी जानेछौ। तिमी र तिम्रा सन्तानहरूद्वारा नै पृथ्वीका सबै मानिसहरू आशीर्वादी हुनेछन्। १५ हेर, म तिमीसँग छु र तिमी जहाँसुकै गए तापनि तिमीलाई रक्षा गर्नेछु, र तिमीलाई यस ठाउँमा फर्काएर ल्याउनेछु। मैले तिमीलाई भनेको कुरा पूरा नगरुञ्जेल म तिमीलाई छोड्नेछैनँ।" १६ तब याकूब निद्राबाट ब्यूँझेर भने, "निश्चय नै यस ठाउँमा परमेश्वर हुनुहुँदोरहेछ, र यो मलाई थाहा थिएन।" १७ तिनी साह्रै डराए र तिनले भने, "यो ठाउँ कस्तो भययोग्य रहेछ। यो त परमेश्वरको घरबाहेक अरू केही होइन रहेछ। यो त स्वर्गको ढोका पो रहेछ।" १८ याकूब बिहान सबेरै उठे, र आफूले सिरान बनाएको ढुङ्गा लिएर खामोजस्तै गरी खड़ा गरेर**

त्यसको टुप्पामा तेल खन्याए। १९ तिनले त्यस ठाउँको नाउँ बेथेल राखे। पहिले त्यस ठाउँको नाउँ लूज थियो। २० तब याकूबले यसो भन्ने भाकल गरे, “यदि परमेश्वर मेरो साथमा रहनुभयो, मेरो यात्रामा मलाई रक्षा गर्नुभयो, मलाई खानलाई रोटी र लाउनलाई वस्त्र दिनुभयो, २१ अनि म कुशलपूर्वक फेरि मेरा बाबुको घरमा आउन पाएँ भने, परमप्रभु नै मेरा परमेश्वर हुनुहुनेछ। २२ र मैले खामो बनाएको यो ढुङ्गाचाहिँ परमेश्वरको घर हुनेछ, र तपाईंले मलाई दिनुभए जति सबैको दशांश म तपाईंलाई अवश्य चढ़ाउनेछु" (उत्पत्ति २८:६-२२) र "१ त्यस बेला जम्मै पृथ्वीमा एउटै भाषा र एकै खालको बोली थिए। २ मानिसहरू पूर्वतिर सर्दैजाँदा शिनार देशमा एउटा मैदान भेट्टाएर त्यहीं बसोबास गरे। ३ तिनीहरूले आपसमा भने, “लौ, हामीहरू ईंट बनाएर पोलौं।” ढुङ्गाको सट्टा ईंट र हिलोको सट्टा अलकत्रा तिनीहरूले प्रयोग गरे। ४ तब तिनीहरूले भने, “लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जतातते नछरिऔं।” ५ मानिसहरूका सन्तानले बनाइरहेका सहर र धरहरा हेर्नलाई परमप्रभु तल ओर्लनुभयो। ६ अनि परमप्रभुले भन्नुभयो, “यदि एउटै भाषा बोल्ने एउटै जातिको स्थानमा अहिले यिनीहरूले यो गरे भने, अब तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुनेछैन। ७ आओ, तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔं, र तिनीहरूले एक-अर्काको बोली नबुझून्।” ८ तब परमप्रभुले त्यहींबाट तिनीहरूलाई जम्मै पृथ्वीभरि तितरबितर पारिदिनुभयो, र तिनीहरूले त्यो सहर बनाउन छोड़िदिए। ९ यसकारण त्यसको नाउँ बाबेल राखियो, किनभने परमप्रभुले त्यहीं नै सारा पृथ्वीभरिका भाषा खलबल पारिदिनुभएको थियो। त्यहींबाटै परमप्रभुले तिनीहरूलाई सारा पृथ्वीभरि तितरबितर पारिदिनुभयो" (उत्पत्ति ११:१-९)।

आफ्नो सपनामा, याकूबले एक असाधारणा भऱ्याङ्ग देख्छन्। त्यो भऱ्याङ्गको टुपो त परमेश्वरसँगै जोडिएको थियो। हिब्रू भाषामा भऱ्याङ्ग जोडिएको वा पुगेकोलाई (उत्पत्ति २८:१२) natsav नाटसाब भनिन्छ। त्यही शब्द परमेश्वर त्यहाँ उभिनुभएको (उत्पत्ति २८:१३) भनेर प्रयोग गरिएको छ। भऱ्याङ्ग र परमेश्वर एउटै होकि भन्ने आभास् त्यस शब्दले दिन्छ।

बाबेलको धरहरा वा भऱ्याङ्गले मानिसहरूको अथक प्रयासले स्वर्ग पुग्न प्रयास गरेको देखाउँछ। बाबेलको धरहरा जस्तै याकूबले आफूले देखेको भऱ्याङ्ग स्वर्गको ढोकामा पुगेको देख्छन्। बाबेलको धरहराले मानिसहरूको

धर्मकर्म र अथक प्रयासहरूले परमेश्‌वरकहाँ पुग्न खोजेको देखाउँछ भने, बेथेलको भऱ्याङ्गले हामी परमेश्वरकहाँ त्यसबेला पुग्न सक्छौं जब उहाँ आफै यस संसारमा हामीकहाँ आउनुहुन्छ। कुनै पनि मानविय प्रयासमा हामी स्वर्ग पुग्न सक्दैनौं। आफ्नै सिरानी गरेको ढुङ्गालाई स्वप्न दर्शन पछि उनले त्यस ठाउँमा त्यस ढुङ्गा ठड्याएर बेथेल beth-El वा परमेश्वरको घर भनेर नाउँ दिन्छन् (उत्पत्ति २८:१७, २२)। यसले परमेश्वरको मन्दिर वा पवित्र स्थानलाई बताउँछ, जुन मानिसहरूको मुक्तिको निम्ति गरिने विभिन्न क्रियाकलापको केन्द्रविन्दुलाई औंल्याउँछ।

जब याकूबले भऱ्याङ्ग देख्छ र त्यहाँ परमेश्वरसँग भय तथा श्रद्धा मान्छन् र त्यस आत्मिक र रहस्यमय भेटघाटले परमेश्वरसँग आत्मियता गाँस्छन्। तर, उनले त्यो केवल आध्यात्मिक तहमामा मात्रै सम्बन्ध राख्न चाहन्दैनन्। उनले परमेश्वरसँगको सम्बन्ध ठोसरूपमै व्यक्ति गर्न चाहेका थिए। त्यसकारण, उनले कमाएको सबै धनसम्पत्तिबाट दशांश दिने निर्णय गरे। त्यो निर्णय परमेश्वरसँग सम्बन्ध भएको भित्री निर्णयको प्रत्यक्ष प्रमाण थियो। परमेश्वरबाट आशिष पाउनको निम्ति उनले दशांश दिने निर्णय गरेका थिएनन् तर उनलाई परमेश्वरले दिइसक्नुभएको बरदान वा उपहारप्रति उनी आभारित भएर दिने निर्णय गरेका थिए। इस्राएली राष्ट्र खडा हुनुभन्दा धेरै वर्ष अघि नै दशांशको चलन भएको हामीले यहाँ देख्छौं।

**"कुनै एउटा ठाउँमा पुगेपछि सूर्य अस्ताएको हुनाले तिनी त्यस रात त्यहीं वास बसे। त्यस ठाउँका ढुङ्गाहरूबाट एउटा लिएर तिनले आफ्नो सिरान बनाएर सुत्नलाई त्यहीं पल्टे" (उत्पत्ति २८:११)। त्यहाँ उनले गरेको अनुभवबाट "तपाईंले मलाई दिनुभए जति सबैको दशांश म तपाईंलाई अवश्य चढ़ाउनेछु" (उत्पत्ति २८:२२) भन्ने याकूबको प्रतिवद्धतामा दशांश के हो र त्यो कसलाई दिनुपर्छ भन्ने महत्त्वपूर्ण विषयलाई हामीले कसरी लिने वा के सिक्ने?**

३ धोका दिनेले नै धोका पाउँछन्

**आफूले मन पराएकी प्यारी राहेललाई विवाह गर्न तम्सिएका याकूब आफ्नै मामा ससुराको छलले उनकी दीदी लियहलाई करसँग विवाह गर्न पुग्छन्। कसरी र किन लाबानले धोका दिन परमेश्वरले छुट दिनुभयो? याकूबले त्यसबाट के पाठ सिके त? हेर्नुहोस्, उत्पत्ति २९:१-३० "१ तब याकूब उठेर आफ्नो बाटो लागे, र पूर्ववासीहरूको देशमा पुगे। २ त्यहाँ तिनले मैदानमा एउटा इनार देखे, र त्यसको नजिक भेड़ाका तीन बगाल बसिरहेका**

थिए, किनकि त्यही इनारबाट मानिसहरूले बगाललाई पानी खुवाउँथे। इनारको मुख ढाक्ने एउटा ठूलो ढुङ्गा थियो। ३ जब सबै बगालहरू त्यहाँ जम्मा हुन्थे, तब गोठालाहरूले इनारको मुखबाट ढुङ्गा गुड़ाएर भेड़ाहरूलाई पानी खान दिन्थे। त्यसपछि तिनीहरूले इनारको मुखमा फेरि त्यो ढुङ्गा राखिदिन्थे। ४ याकूबले तिनीहरूलाई भने, "हे मेरा भाइ हो, तिमीहरू कहाँका हौ?" तिनीहरूले भने, "हामी हारानमा बस्ने हौं।" ५ तिनले भने, "तिमीहरू नाहोरका नाति लाबानलाई चिन्छौ?" तिनीहरूले भने, "तिनलाई हामी चिन्छौं।" ६ याकूबले तिनीहरूलाई सोधे, "के उहाँ सन्चै हुनुहुन्छ?" तिनीहरूले भने, "उहाँ सन्चै हुनुहुन्छ। हेर्नुहोस्, उहाँकी छोरी राहेल भेड़ाहरू लिएर आउँदैछिन्।" ७ तिनले भने, "हेर, साँझ परेको छैन। भेड़ाबाख्राहरूलाई जम्मा गर्ने बेला भएको छैन। भेड़ाहरूलाई पानी खुवाएर फेरि चराउन लैजाओ। ८ तिनीहरूले भने, "सबै बगालहरू जम्मा नभई अनि इनारको मुखबाट ढुङ्गा नगुड़ाइकन हामी त्यसो गर्न सक्दैनौं। त्यसपछि मात्र हामी भेड़ाहरूलाई पानी खुवाउँछौं।" ९ याकूब तिनीहरूसँग कुरा गरिरहँदा, राहेल आफ्ना बाबुका भेड़ाहरू लिएर त्यहाँ आइपुगिन्, किनकि भेड़ाहरू तिनले नै चराउने गर्थिन्। १० जब याकूबले आफ्ना मामा लाबानकी छोरी राहेल र आफ्ना मामाका भेड़ाहरू देखे, तब नजिक आएर तिनले इनारको मुखको ढुङ्गा गुड़ाइदिए, र आफ्ना मामा लाबानका भेड़ाहरूलाई पानी खुवाइदिए। ११ तब याकूबले राहेललाई म्वाइँ खाए, र रुन लागे। १२ याकूबले राहेललाई "म तिम्रा बाबुको नातेदार, रिबेकाको छोरो हुँ" भनी बताइदिए। तब राहेल कुदेर गइन् र आफ्ना बाबुलाई यो कुरा बताइदिइन्। १३ आफ्ना भानिज याकूब आएको समाचार पाउने बित्तिकै लाबान तिनलाई भेट्नलाई कुदेर आए, र तिनलाई अँगालो हालेर म्वाइँ खाए, अनि तिनलाई आफ्नो घरमा ल्याए। १४ अनि याकूबले लाबानलाई सबै कुरा बताइदिए। लाबानले तिनलाई भने, "वास्तवमा तिमी मेरो हाड़ र मासु हौ।" याकूब उनीसँग एक महिना बसेपछि १५ लाबानले तिनलाई भने, "मेरा नातेदार हुँदैमा तिमीले सित्तैंमा मेरो सेवा गर्ने? ज्याला कति हुनुपर्छ मलाई भन।" १६ लाबानका दुई छोरीहरू थिए। जेठीको नाउँ लेआ र कान्छीको नाउँ राहेल थियो। १७ लेआका आँखा धमिला थिए, तर राहेलचाहिँ सुडौल र सुन्दरी थिइन्। याकूबले राहेललाई प्रेम गरे। १८ तिनले भने, "तपाईंकी कान्छी छोरी राहेलको निम्ति सात वर्षसम्म म तपाईंको सेवा गर्नेछु।" १९ लाबानले भने, "त्यसलाई अरू कोहीसँग विवाह गरिदिनुभन्दा त तिमीलाई दिनु नै असल हो। हुन्छ, मसँगै बस।" २० यसकारण याकूबले

**राहेलको निम्ति सात वर्षसम्म सेवा गरे। तिनले राहेललाई यति प्रेम गर्थे कि त्यो समय तिनलाई थोरै दिनजस्तो लाग्यो। २१ त्यसपछि याकूबले लाबानलाई भने, "मैले तपाईंको सेवा गरिसकें। अब मेरी पत्नी हुनलाई राहेल मलाई दिनुहोस्। म तिनीसँग सहवास गर्न चाहन्छु।" २२ तब लाबानले त्यस ठाउँका सबै मानिसहरू जम्मा गरेर भोज दिए। २३ तर साँझमा उनले आफ्नी छोरी लेआलाई याकूबकहाँ ल्याइदिए, र याकूबले तिनीसँग सहवास गरे। २४ लाबानले आफ्नी कमारी जिल्पालाई आफ्नी छोरी लेआकी कमारी हुनलाई दिए। २५ याकूबले बिहान हेर्दा त लेआ पो रहिछन्। तब तिनले लाबानलाई भने, "तपाईंले मप्रति किन यस्तो गर्नुभयो? मैले राहेलको निम्ति सेवा गरेको होइन र? तपाईंले किन मसित यसरी छल गर्नुभयो?" २६ लाबानले भने, "हाम्रो देशमा जेठीको भन्दा कान्छीको विवाह अघिबाट गर्नुहुँदैन। २७ लेआसँग एक साता पूरा गर, र अर्को सात वर्ष मेरो सेवा गरेको सट्टामा म तिमीलाई कान्छी पनि दिइहाल्छु।" २८ याकूबले त्यसै गरे, र लेआसँग एक साता पूरा गरे। तब लाबानले आफ्नी छोरी राहेललाई पनि याकूबकी पत्नीको रूपमा दिए। २९ लाबानले आफ्नी कमारी बिल्हालाई आफ्नी छोरी राहेलकी कमारी हुनलाई दिए। याकूबले राहेलसँग पनि सहवास गरे। ३० तिनले लेआलाई भन्दा राहेललाई बढ़ी प्रेम गर्थे, र अर्को सात साल याकूबले लाबानको सेवा गरे" (उत्पत्ति २९:१-३०)।**

आफू पुग्नुपर्ने गन्तव्य स्थानमा सयौं किलोमिटर यात्रा गरेपछि याकूबले पहिलो बस्तु देख्छन् त ढुङ्गो। सायद उनले बेथेलको ढुङ्गा सम्झन पुगे होलान् (उत्पत्ति २८:१८,१९)। यही ढुङ्गो याकूबको निम्ति राहेलसँग चिनापर्ची गर्न कोशे ढुङ्गो हुन पुगेको थियो। त्यस ढुङ्गा इनारमाथि थियो। त्यसको वरिपरि गोठालाहरू उभिरहेका थिए। याकूबले त्यस ढुङ्गालाई हटाउन तिनीहरूसँग अनुरोध गर्छन् तर तिनीहरूले त्यो गर्न मान्दैनन। जब राहेल आउँछिन् तब याकूबले त्यो ढुङ्गा हटाउँछन्। यसले उनलाई राहेलसँग चिनापर्ची गर्न अवसर दिन्छ (उत्पत्ति २९:११)।

याकूबलाई चिनेबित्तिकै उनी दगुरेर आफ्नो परिवारकहाँ जान्छिन्। याकूबले राहेललाई देख्नेबित्तिकै फलदायी थियोः "याकूबले राहेललाई प्रेम गरे" (उत्पत्ति २९:१८)। उनलाई विवाह गर्न अर्को सात वर्ष काम गरे, अर्थात् राहेललाई पाउन उनले १४ वर्ष आफ्नो मामाससुराको काम गरे। तर सात वर्षहरू उनको निम्ति केही दिन जस्तोमात्र भएको थियो (उत्पत्ति २९:२०)।

राहेलसँग विवाह गर्न सात वर्ष काम गर्नु पर्ने सर्त याकूब आफैले प्रस्ताव गरेका थिए। सात वर्षपछि विवाहको रातमा सुहागरात मनाउन याकूब आफ्नो पालमा जान्छन् त त्यहाँ लेआसँग पो उनी सुत्न पुगे। राती भएकोले आफू कोसँग सुतेको थियो सो उनलाई थाहा थिएन। उनी राहेलकी जेठी दिदी लेआ उनको ओछ्यानमा थिए। राहेल भनेर लेआलाई सुताउँदा याकूबको मामा ससुराले उनलाई धोखा दिएका थिए। त्यसबेला सबै जना भोजमा मस्त थियो। याकूब अत्यन्तै रिसाएका थिए तर आफू केही गर्न नसक्ने अवस्थामा याकूब थिए। विवाहको रातको रमझममा लाबानले त्यो छल गर्न सफल भए। त्यही "धोका" भन्ने शब्द याकूबले प्रयोग गरेका थिए जुन उनले बाबु र उनको दाजुलाई प्रयोग गर्न इसहाकले प्रयोग गरेका थिए (उत्पत्ति २७:३५)।

यहाँ lex talionis (बदला लिने नीति) "आँखाको बदलामा आँखा, दाँतको बदलामा दाँत" (प्रस्थान २१:२४, उत्पत्ति ९:६) भन्ने चलनको धरापमा याकूब परेका थिए। याकूबले जसरी अरूहरूलाई धोखा दिए त्यसरी नै उनी पनि धोकामा परे। अपराध गर्नेले जसमाथि कस्तो चोत पुऱ्याएको थियो त्यही चोत अपराधीले खेप्नुपर्ने नीति बाइबलमा उल्लेख गरिएको छ।

आफू धोखामा परेपछि आफूले धोखा दिनु भनेको के हो भनेर याकूबले अब बुझ्छन्। लाबानको छललाई प्रयोग गरेर परमेश्वरले याकूबलाई धोखा दिनु भनेको के हो भनेर सिकाउनुहुन्छ। याकूबलाई "धोखा" (उत्पत्ति २७:१२) भनेको के हो भनेर थाहा थियो, र आफू पनि धोखाको मारमा पर्दा उनी छक्क पर्न पुगेका थिए। आफ्नो मामा ससुरालाई "तपाईंले मलाई किन धोखा दिनुभयो?" (उत्पत्ति २९:२५) भनेर सोध्नुको अर्थ धोखा दिनु गल्ती हो भनेर याकूबलाई थाहा थियो भनेर देखाउँदछ।

**याकूब धोखेवाज थिए र आफै पनि धोखामा परे। आफूमाथि अन्याय भएपनि वा खराब मानिसहरू खराब गर्नै छोडिएतापनि वा निर्दोष मानिस दुःखमा पर्नुपरेतापनि परमेश्वरमाथि भरोसा राख्न हामीले कसरी सिक्ने?**

## ४. पारिवारिक आशिष

वर्षौंसम्म निर्वासित जीवन बिताउनु परेको याकूबलाई अन्तिम सात वर्ष उनको निम्ति भारी थियो। तर, ती वर्षहरू उनको निम्ति फलदायी पनि थिए। ती वर्षहरूमा बाह्र छोराहरूमा एघार छोराहरूका बाबु उनी हुन पुगेका थिए। तिनीहरू पछि गएर परमेश्वरका जनहरूको पुर्खा हुन पुगेका थिए।

अहिले यस भागमा याकूबको कथाको केन्द्रिय भागमा छौं (उत्पत्ति २५:१९-३५:२६)। यस भाग मूख्य वाक्याँश "गर्भ खोलिदिनुभयो" भनेर लेआलाई सम्बोधन गरेदेखि (उत्पत्ति २९:३१) राहेलको गर्भ पनि खोलिदिनुभयो (उत्पत्ति ३०:२२)बाट अन्त भएको छ। प्रत्येक पल्ट "गर्भ खोलिदिनुभयो" भनेर उल्लेख गरिएर बालकको जन्म भयो भनेर प्रस्तुत गर्दछ तब ती जन्महरू परमेश्वरको आश्चर्य कामको नतिजा थियो भनेर प्रमाणित गर्दछ।

**उत्पत्ति २९:३१-३०:२२ पढ्नुहोस्। वर्तमान परिप्रेक्ष्यमा यहाँ जे भयो त्यो हामीले कसरी बुझ्ने? हेर्नुहोस्, "३१ लेआलाई अवहेलना भएको देखेर परमप्रभुले तिनको कोख खोलिदिनुभयो। तर राहेलचाहिँ बाँझी नै रहिन्। ३२ लेआ गर्भवती भएर एउटा छोरो जन्माइन्, र तिनले त्यसको नाउँ यसो भनेर रूबेन राखिन्, "साँच्ची नै परमप्रभुले मेरो दुःख देख्नुभएको छ। अब त मेरा पतिले मलाई प्रेम गर्नुहुन्छ।" ३३ तिनी फेरि गर्भवती भइन्, र अर्को छोरा जन्माइन्। तिनले भनिन्, "म अवहेलित भएकी छु भनी परमेश्वरले सुन्नुभएको हुनाले उहाँले मलाई यो छोरा पनि दिनुभयो।" र तिनले त्यसको नाउँ शिमियोन राखिन्। ३४ तिनी फेरि गर्भवती भइन् र एउटा छोरो जन्माएर भनिन्, "यस पाली त मेरा पति मप्रति आकर्षित हुनुहुनेछ, किनभने मैले उहाँको निम्ति तीन जना छोरा पाइसकें।" यसकारण त्यसको नाउँ लेवी राखियो। ३५ तिनी फेरि गर्भवती भएर छोरो पाइन् र भनिन्, "यस पाली त म परमप्रभुको प्रशंसा गर्नेछु।" यसैले त्यसको नाउँ यहूदा राखियो। त्यसपछि तिनले जन्माउन छोड़िन्" (उत्पत्ति २९:३१-३५) र "१ याकूबबाट आफ्नो केही सन्तान नभएको देखेर राहेलले आफ्नी दिदीसित डाह गर्न लागिन्। तिनले याकूबलाई भनिन्, "मलाई पनि सन्तान दिनुहोस्, नत्र म मर्नेछु।" २ याकूबले राहेलसित रिसाएर भने, "तिम्रो कोख थुनिदिने म परमेश्वरको स्थानमा छु र?" ३ तब तिनले भनिन्, "मेरी कमारी बिल्हा यहीं छे। त्यससँग सहवास गर्नुहोस् र त्यसले मेरो निम्ति नानी जन्माओस् र त्यसद्वारा मलाई पनि सन्तान मिलोस्।" ४ यसकारण राहेलले आफ्नी कमारी बिल्हालाई याकूबकी पत्नीको रूपमा दिइन्, र याकूब त्यसकहाँ गए। ५ बिल्हाले गर्भवती भएर याकूबबाट एउटा छोरो जन्माई। ६ तब राहेलले भनिन्, "परमेश्वरले मलाई ठीक ठहराउनुभयो, र मेरो बिन्ती पनि सुनेर मलाई एउटा छोरो दिनुभयो।" यसकारण तिनले त्यसको नाउँ दान राखिन्। ७ राहेलकी कमारी बिल्हा फेरि गर्भवती भई, र त्यसले याकूबबाट अर्को एउटा**

छोरो जन्माई। ८ तब राहेलले भनिन्, "ज्यादै लड़न्त गरेर मैले मेरी दिदीलाई
जितें।" यसैकारण तिनले त्यसको नाउँ नप्ताली राखिन्। ९ आफूले जन्माउन
छोड़ेको देखेर लेआले आफ्नी कमारी जिल्पालाई लगेर याकूबलाई पत्नीको
रूपमा दिइन्। १० लेआकी कमारी जिल्पाले याकूबबाट एउटा छोरो जन्माई,
११ र लेआले भनिन्, "भाग्यमानी।" यसैकारण तिनले त्यसको नाउँ गाद
राखिन्। १२ लेआकी कमारी जिल्पाले याकूबबाट अर्को एउटा छोरो जन्माई।
१३ अनि लेआले भनिन्, "म सुखी रहिछु। स्त्री जातिहरूले मलाई सुखी
भन्नेछन्।" यसैले तिनले त्यसको नाउँ आशेर राखिन्। १४ गहूँ फसलको
बेलामा रूबेन खेतमा गए, र विशाखमूलहरू भेट्टाएर आफ्नी आमा लेआकहाँ
ल्याए। राहेलले लेआलाई भनिन्, "कृपा गरी तिम्रो छोराले ल्याएका
विशाखमूलहरूबाट मलाई केही देऊ।" १५ तर लेआले तिनलाई भनिन्, "के
मेरा लोग्ने मबाट खोस्नु सानो कुरो हो र, अब तिमी मेरो छोराको विशाखमूल
पनि लिन खोज्छ्यौ?" राहेलले भनिन्, "त्यसो भए तिम्रो छोराको विशाखमूलको
निम्ति आज राती उहाँ तिमीसित सुत्नुहुन्छ।" १६ साँझमा याकूब खेतबाट
आउँदा लेआ तिनलाई भेट गर्न गइन्, र भनिन्, "तपाईं मकहाँ आउनुपर्छ, किनभने
मेरो छोराका विशाखमूलहरूसँग तपाईंलाई भाड़ामा लिएकी छु।" यसकारण
याकूब त्यस रात तिनीसित सुते। १७ परमेश्वरले लेआको बिन्ती सुन्नुभयो, र
तिनी गर्भवती भइन्, र याकूबबाट तिनले आफ्नो पाँचौं छोरो जन्माइन्। १८ तब
लेआले भनिन्, "मैले मेरी कमारी मेरा पतिलाई दिएकी हुनाले परमेश्वरले मलाई
मेरो इनाम दिनुभयो।" यसकारण तिनले त्यसको नाउँ इस्साखार राखिन्। १९
लेआ फेरि गर्भवती भइन्, र याकूबबाट आफ्नो छैटौं छोरो जन्माइन्। २० तब
लेआले भनिन्, "परमेश्वरले मलाई अमूल्य उपहार दिनुभएको रहेछ। अब मेरा
पतिले मलाई कदर गर्नुहुनेछ, किनभने मैले उहाँको निम्ति छ जना छोराहरू
जन्माइसकें।" यसैकारण तिनले त्यसको नाउँ जबूलून राखिन्। २१ केही
समयपछि तिनले एउटी छोरी जन्माइन्, र तिनले त्यसको नाउँ दीना राखिन्।
२२ तब परमेश्वरले राहेललाई सम्झनुभयो, र तिनको बिन्ती सुनेर उहाँले तिनको
गर्भ खोलिदिनुभयो। २३ तिनी गर्भवती भएर एउटा छोरो जन्माइन्, र भनिन्,
"परमेश्वरले ममाथि परेको निन्दा हटाइदिनुभयो।" २४ तिनले त्यसको नाउँ
योसेफ राखिन्। अनि तिनले भनिन्, "परमेश्वरले मलाई अर्को छोरो पनि दिऊन्"
(उत्पत्ति ३०:१-२४)।

परमेश्वरले लेआको कोख खोदिनुभयो, र उनीबाट रुबनको जन्म भयो। यस नाउँमा क्रियापद ra'ra रारा छ जसको अर्थ "देख्छ" हो। याकूबले लेआलाई मन नपराएको परमेश्वरले देख्नुभयो (उत्पत्ति २९:३१), यस बालक उनी मानसिक कष्ट र पीडाको सोधभर्ना नै हुनपुगेको थियो। फेरि अर्को छोरो जन्माएपछि उसको नाउँ सिमियोन राखिन्। यसमा क्रियापद shama समावेश भएको छ। यसको अर्थ "सुन्नु" हो अर्थात् परमेश्वरले सुन्नुभयो। उनी आफ्नो श्रीमानको हेपाहाको गहिऱ्याइमा थिइन् र त्यसले गर्दा उनी माया नपाएको पीडामा थिइन्। जसरि परमेश्वरले हागारको पीडा सुन्नुभयो (उत्पत्ति २९:३३) त्यसरी नै उहाँले लेआको पीडा सुन्नुभएको थियो।

लेआको छोरो "सिमियोन वा सिमोन"ले हागारको छोरो इश्माएललाई याद दिलाउँछ। त्यसको अर्थ (परमेश्वरले सुन्नुहुनेछ) हो (उत्पत्ति १६:११)। जब लेआले आफ्नो अन्तिम छोरोलाई जन्माउन्छिन् तब उसको नाउँ यहूदा राख्छिन्। त्यसको अर्थ "प्रशंसा" हो। लेआले अब आफ्नो पीडा वा आशिषलाई सम्झिन्दैन बरु उनले परमेश्वरको अनुग्रहलाई ध्यान दिएर उहाँको प्रशंसा गर्दछिन्।

यो अनौठो छ कि जब लेआले सन्तान जन्माउन छोड्छिन् तब परमेश्वरले राहेललाई "सम्झनुभयो", अनि उनको कोख उहाँले खोलिदिनुहुन्छ (उत्पत्ति ३०:२२)। याकूबको अत्यन्तै मन प्रिय पत्नीले विवाह गरेको सात वर्षसम्म बच्चा पाइनन्। मगनी भएकोदेखि बिवाह गरेको १४ वर्षपछि उनले पहिलो छोरो जन्माउँछिन् (उत्पत्ति २९:१८,२७, ३०:२५)। उनले आफ्नो पहिलो बालकको नाउँ "यूसुफ" राख्छिन्। त्यसको अर्थ परमेश्वरले उनको "दु:ख हरण गर्नुभयो (asaf आसाफ) र "अर्को छोरो पनि मेरो लागि उहाँले जोडिदिनुहुनेछ (yasaf यासाफ)" हो (उत्पत्ति ३०:२३,२४)। तिनीहरूले जुनसुकै गलत तरिकाले छोराहरू जन्माएतापनि परमेश्वरले तिनीहरूलाई दोष दिनुभएन किनकि तिनीहरूबाट अब्राहमलाई दिएको वचन अनुसार परमेश्वरले एउटा जाति वा राष्ट्र खडा सृष्टि गर्नुपरेको थियो।

**मानिसको जतिसुकै गलत क्रियाकलाप भएतापनि र उसमा कमिकमजोरीहरू भएतापनि परमेश्वरले स्वर्ग र पृथ्वीमा आफ्नो लक्ष्य पूरा गर्नुहुनेछ भन्ने कुरालाई यस याकूब, लेआ र राहेलको कथाले हामीलाई कसरी बुझाउँछ?**

## ५. याकूबले आफ्नो मामाससुराको घर छोड्छन्

जेठा छोराले पाउने अधिकारलाई आफ्नो बाबु र दाजुलाई याकूबले धोका दिएका थिए। इसहाकले आफ्नो जेठो छोरोलाई दिने आशिषलाई याकूबले बढो चालबाजीसाथ खोसेका थिए वा चोरेका थिए। जब उनी मामा ससुरा लाबानको घरमा १४ वर्षसम्म घर ज्वाइँनै भएर बसे तब उनी चुपचाप रहेर उनको सेवा गरेका थिए। आफ्नो मामा ससुराले उनलाई धोका दिएका थिए भनेर उनलाई थाहा थियो तैपनि उनी त्यस धोखालाई आँखा चिम्लेर नै बसे। याकूबको मिजास देखेर उनले कसरी त्यो सहेर बसे भन्ने कुरो बुझ्न हामीलाई गाऱ्हो छ। याकूबले विद्रोह गर्न सक्थ्यो वा राहेललाई विवाह कुन सर्तमा गर्ने भन्ने कुरामा लाबानको प्रस्तावप्रति उनी असहमत हुनसक्थ्यो। तर उनले चुपचाप त्यो प्रस्ताव स्वीकारे। त्यो जतिसुकै अन्याय प्रस्ताब भएपनि याकूबले बिरोध नजनाइ माने।

जब राहेलले पहिलो छोरो यूसुफलाई जन्माइन तब मामाससुराको सेवामा याकूब १४सम्म लागि सकेका थिए (उत्पत्ति ३०:२६)। अब आफ्नो मामाससुराको घर छोडेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको भूमिमा फर्केर जान सोच्छन्। याकूबले अब आफ्नो परिवारको निम्ति आफ्नै घर स्थापना गर्न चाहन्छन् (उत्पत्ति ३०:३०)।

**देहायका पदहरू पढ्नुहोस्। यहाँ याकूब र लाबानको आखिरी मामिला प्रस्तुत गरिएको छ। "२५ राहेलले योसेफलाई जन्माएपछि याकूबले लाबानलाई भने, "आफ्नो देश र घरमा जान मलाई बिदा दिनुहोस्। २६ मलाई मेरा पत्नीहरू र छोराछोरीहरू लैजान दिनुहोस्, जसका निम्ति मैले तपाईंको चाकरी गरेको छु। मलाई जान दिनुहोस्, किनभने मैले गरेको सेवा तपाईंलाई थाहै छ।" २७ तर लाबानले तिनलाई भने, "ममाथि तिम्रो निगाह भए, बस। पूर्वलक्षणद्वारा मलाई थाहा भएको छ कि परमप्रभुले तिम्रो खातिर मलाई आशिष् दिनुभएको छ। २८ ज्याला कति लिन्छौ मलाई भन, र म तिमीलाई त्यति दिउँला।" २९ याकूबले लाबानलाई भने, "मैले तपाईंको कस्तो सेवा गरेको छु, र तपाईंका गाईबस्तु मसित कसरी सप्रेका छन् सो तपाईं आफै जान्नुहुन्छ। ३० म आउनुभन्दा अघि तपाईंसँग थोरै थिए र अहिले प्रशस्त भएको छ। मैले जहाँ हात लगाए पनि परमप्रभुले तपाईंलाई आशिष् दिनुभएको छ। तर अब मेरो आफ्नै घरबारको निम्तिचाहिँ मैले कहिले व्यवस्था गर्ने?" ३१ उनले भने, "म तिमीलाई के दिऊँ त?" याकूबले भने, "तपाईं मलाई केही नदिनुहोस्। तर यदि**

तपाईंले मेरो निम्ति यति एउटा कुरा गर्नुहुन्छ भने, म तपाईंका बगालहरूको हेरचाह गरी चराउँदैरहनेछु। ३२ आज तपाईंका सबै बगालबाट थोप्ले र पेटारे भेड़ा र कालो थुमा, र बाख्राहरूमध्येबाट पनि थोप्ले र पेटारे जति छुट्ट्याउँदैजान दिनुहोस्। मेरो ज्याला तिनीहरू नै होऊन्। ३३ अनि तपाईं पछि यसअनुसार मेरो ज्यालाको हिसाब गर्नुहुँदा मेरो ईमानदारीले नै मेरो निम्ति जवाफ दिनेछ। बाख्राहरूमध्येका थोप्ले र पेटारे नभए जत्ति र थुमाहरूमध्ये काला नभए जत्ति मसँग फेला पऱ्यो भने मैले ती चोरेको ठहरिनेछ।" ३४ लाबानले भने, "हुन्छ, तिमीले भनेजस्तै होस्।" ३५ त्यस दिन पेटारे र थोप्ले बोकाहरू र पेटारे र थोप्ले बाख्रीहरू (जसका सेता दाग थिए) र हरेक काला थुमा लाबानले छुट्ट्याएर आफ्ना छोराहरूको जिम्मामा लगाइदिए। ३६ तब याकूब र उनको बीचमा लाबानले तीन दिनको बाटो जति अन्तर राखे। अनि याकूबले चाहिँ लाबानका बाँकी बगालहरू चराउन लागे। ३७ तब याकूबले लहरे-पीपल, हाड़ेबदाम र चिनारका रूखका भर्खर काटिएका हाँगाहरू लिएर तिनमा सेता-सेता धर्का बनाउनलाई तिनका बोक्रा ताछे। ३८ अनि तिनले ती हाँगाहरू बगालले पानी खान आउने ठाउँमा बगालहरूका सामुन्ने तिनीहरूका पानी खाने डूँड़मा राखे। तिनीहरू पानी खान आउँदा त्यहीं मिसिन्थे। ३९ ती बगालहरू ती हाँगाहरूका सामुन्ने मिसिने भएका हुनाले तिनीहरूले बच्चा पनि त्यस्तै छिर्केमिर्के, पेटारे र थोप्ले बियाए। ४० याकूबले ती पाठाहरू छुट्ट्याएर बाँकी बगालचाहिँ लाबानका बगालका छिर्केमिर्के र काला-कालाहरूतिर पठाइदिए। यसरी तिनले आफ्ना बगालचाहिँ लाबानका बगालसित नमिसाएर अलग्गै राखे। ४१ ती हाँगाहरूका सामु मिसिऊन् भनेर बलियाबलिया बगालहरू मिसिने बेलामा चाहिँ याकूबले डूँड़मा ती बगालका आँखाकै सामु ती हाँगाहरू राखिदिन्थे। ४२ तर निर्धा बगालहरूका निम्तिचाहिँ तिनले ती हाँगाहरू राखिदिँदैनथे। यसकारण निर्धा जत्ति लाबानका भए, र बलिया जत्तिचाहिँ याकूबका भए। ४३ यसरी याकूब अत्यन्तै धनी भए, र तिनका ठूला-ठूला बगाल, नोकर-चाकर, ऊँट र गधाहरू पनि भए" (उत्पत्ति ३०:२५-४३) र "१ लाबानका छोराहरूले यसो भनिरहेका याकूबले सुने, "हाम्रा बाबुका सबै थोक याकूबले लिइसके, र हाम्रा बाबुकै सम्पत्तिबाट तिनले यत्ति धेरै पाएका छन्।" २ र याकूबले लाबानको व्यवहार हेर्दा पनि आफूप्रति तिनको भावना पहिलेजस्तै नभएको देखे। ३ तब परमप्रभुले याकूबलाई भन्नुभयो, "तिम्रा पिता-पुर्खा र तिम्रो कुटुम्बकहाँ फर्केर जा, र म तँसँग हुनेछु।" ४ यसकारण याकूबले राहेल र लेआलाई आफ्ना बगाल भएको खर्कमा

बोलाइपठाए, ५ र तिनीहरूलाई भने, "तिमीहरूका बाबुको मप्रतिको भावना
पहिलेजस्तै नभएको म देख्दैछु। तर मेरा पिताका परमेश्वर मसँग हुनुभएको
छ। ६ मेरो बलले भ्याएसम्म मैले तिमीहरूका बाबुको सेवा गरेको तिमीहरूलाई
थाहै छ। ७ तापनि तिमीहरूका बाबुले मलाई ठग्नुभएको छ, र मेरो ज्याला दश
पल्ट बदल्नुभएको छ। तर परमेश्वरले तिनलाई मेरो हानि गर्न दिनुभएन। ८
उनले थोप्ले जत्ति तिम्रो ज्याला होस् भन्दा सबै बगालले थोप्ले नै बियाए। अनि
उनले पेटारे जत्ति तिम्रो ज्याला होस् भन्दा सबै बगालले पेटारे नै बियाए। ९
यसरी परमेश्वरले तिमीहरूका बाबुका बगालहरू लिएर मलाई दिनुभयो। १०
"बगाल मिसिने बेलामा बगालमाथि चढ्ने बोकाहरू पेटारे, थोप्ले र छिर्केमिर्के
भएका सपनामा मैले देखें। ११ त्यस बेला परमेश्वरका दूतले सपनामा मलाई
'ए याकूब' भन्नुभयो। मैले भनें 'हजूर।' १२ र उहाँले भन्नुभयो, 'तिम्रो आँखा
उठाएर बगालमाथि चढ्ने सबै बोकाहरूलाई हेर्। ती पेटारे, थोप्ले र छिर्केमिर्के
छन्, किनकि लाबानले तिमीमाथि जे गरिरहेछ सो मैले देखेको छु। १३ तिमीले
खामामा तेल खन्याएको र भाकल गरेको ठाउँ बेथेलका परमेश्वर म नै हुँ।
अब उठ्, यस ठाउँबाट फर्केर तिम्रो जन्मभूमिमा जाऊ'।" १४ तब राहेल र
लेआले तिनलाई भने, "हाम्रा बाबुको घरमा हाम्रा निम्ति हकको केही अंश छ र?
के उहाँले हामीलाई विदेशीजस्तै सम्झनुभएको छैन र? १५ उहाँले त हामीलाई
बेचिदिनुभयो, र हाम्रा निम्ति दिइएको पैसा पनि आफैले चलाइसक्नुभएको छ।
१६ हाम्रा बाबुबाट परमेश्वरले लानुभएको सबै सम्पत्ति हाम्रै र हाम्रा
छोराछोरीहरूको भएको छ। अब परमेश्वरले तपाईंलाई जे-जसो गर्नू भन्नुभयो
त्यसै गर्नुहोस्।" १७ तब याकूब उठेर आफ्ना छोराहरू र पत्नीहरूलाई
ऊँटहरूमाथि राखे। १८ अनि तिनले आफ्ना सबै गाईबस्तुलाई अगि धपाई
पद्दन-आराममा रहँदा आफूले प्राप्त गरेका जम्मै सम्पत्ति लिएर आफ्ना पिता
इसहाककहाँ कनान देशमा जानलाई तिनी निस्के। १९ त्यस बेला जब
लाबानचाहिँ आफ्ना भेड़ाको ऊन कत्रन गएका थिए, तब राहेलले आफ्ना बाबुका
घर-देवताहरू चोरेर लगिन्। २० त्यसबाहेक अरामी लाबानलाई याकूबले
झुक्क्याए, कारण तिनको भाग्ने मति छ भनेर तिनले उनलाई बताएनन्। २१
यसरी आफूसँग भएका सबै कुरा लिएर याकूब भागेर महानदी यूफ्रेटिस तरे, र
गिलादको पहाड़ी देशतर्फ लागे। २२ तेस्रो दिनमा याकूब भागेको खबर
लाबानले सुने, २३ अनि उनले आफ्ना दाजुभाइहरूलाई साथमा लिएर सात
दिनसम्म तिनलाई लखेटे, र गिलादको पहाड़ी देशमा तिनलाई भेट्टाए। २४ तब

अरामी लाबानकहाँ राती सपनामा परमेश्वर देखा पर्नुभयो, र उनलाई भन्नुभयो, "होशियार गर, तिमीले याकूबलाई असल कि खराब केही कुरा नभन्।" २५ लाबानले याकूबलाई भेट्टाउँदा याकूबले आफ्नो पाल गिलादको पहाड़ी देशमा टाँगेका थिए, र लाबानले पनि आफ्ना दाजुभाइहरूका साथमा त्यहीं पाल टाँगे। २६ लाबानले याकूबलाई भने, "तिमीले मलाई झुक्क्याएर मेरा छोरीहरूलाई लड़ाइँका कैदीहरूलाई झैं लगेर यो के गरेको? २७ तिमी किन मलाई नभनीकन सुटुक्क भागेर मलाई धोका दियौ? म वीणा र खैंजड़ीको खुशीयालीमा तिमीलाई पठाउनेथिएँ। २८ मेरा नातिनातिना र छोरीहरूलाई बिदाइको म्वाइँ खान मलाई किन दिएनौ? यो तिमीले मूर्खता गर्‍यौ। २९ तिमीलाई हानि गर्ने शक्ति मसँग छ। तर तिम्रा बाबुका परमेश्वरले हिजो राती मलाई यसो भन्नुभयो, ३० 'होशियार गर, तिमीले याकूबलाई असल कि खराब केही पनि नभन्।' अब तिम्रा बाबुको घरमा जान तिमीले ज्यादै इच्छा गरेका हुनाले तिमी हिँड़ेका छौ, तर मेरा देवताहरूचाहिँ किन चोर्‍यौ?" ३१ याकूबले लाबानलाई जवाफ दिए, "तपाईंले आफ्ना छोरीहरूलाई मबाट जबरजस्तसाथ खोस्नुहुन्छ कि भन्ने मलाई डर लाग्यो। ३२ तर तपाईंका देवताहरू जससँग भेट्टाउनुहुन्छ त्यो जीवित रहनेछैन। मसँग भएको तपाईंको कुन चीज छ सो हाम्रा कुटुम्बका सामुन्ने चिन्नुहोस्, र लिनुहोस्।" राहेलले ती चोरेकी याकूबलाई थाहै थिएन। ३३ तब लाबान याकूबको पालभित्र, त्यसपछि लेआको र दुवै कमारीहरूका पालभित्र पसे, तर केही पाउन सकेनन्। उनी लेआको पालबाट निस्केर राहेलको पालभित्र पसे। ३४ तर राहेलचाहिँ ती घर-देवताहरू लिएर आफ्नो ऊँटको काठीमा राखी तीमाथि बसिरहेकी थिइन्। लाबानले पालमा जताततै धुँइधुँइती खोजे तर ती पाउनै सकेनन्। ३५ राहेलले आफ्ना बाबुलाई भनिन्, "हजूर, मसँग नरिसाउनुहोला। म नछुने भएकी हुनाले मैले तपाईंको अगाड़ि उठ्नु भएन।" यसरी उनले खोज्न त खोजे, तर ती घर-देवताहरू भेट्टाउन सकेनन्। ३६ याकूब झोकिए, र लाबानलाई हप्काएर भने, ३७ "मेरो अपराध के छ र तपाईंले मलाई यसरी लखेट्नुभयो? अब तपाईंले मेरा सबै मालतालहरूको खानतलाशी लिनुभयो। तपाईंका घरेलु मालहरूमध्ये के भेट्टाउनुभयो खै? ती तपाईंका र मेरा कुटुम्बहरूका अगाड़ि राखिदिनुहोस्। यिनीहरूले हामी दुईका बीचमा इन्साफ गरिदिनेछन्। ३८ "यी बीस वर्षदेखि म तपाईंसँग भएको छु। त्यतिञ्जेल तपाईंका भेड़ीहरू र बाख्रीहरूका गर्भ कहिल्यै तुहेनन्। मैले तपाईंका बगालका भेड़ाहरू खाइनँ। ३९ जङ्गली जनावरहरूले फहराएकाहरूलाई पनि तपाईंकहाँ

मैले ल्याउँदिनथें। बरु क्षतिपूर्ति मैले गर्थें। दिनमा होस् वा रातमा होस् चोरी भएकाहरूको मोल पनि तपाईंले मबाटै लिनुहुन्थ्यो। ४० दिउँसोको गर्मीले र रातको चिसोले मलाई क्षीण बनाएको थियो–मेरो हालत यस्तै थियो। मेरा आँखामा पटक्कै निद्रा लाग्दैनथ्यो। ४१ यी बीस वर्ष म यसरी तपाईंको घरमा रहें। तपाईंका दुई छोरीहरूका निम्ति मैले चौध वर्ष सेवा गरें, र छ वर्षसम्म तपाईंका बगालको हेरचाह गरें। र तपाईंले मेरो ज्याला दश चोटि बदल्नुभयो। ४२ मेरा बाबुका परमेश्वर, जो अब्राहामका परमेश्वर, जो इसहाकको "भय" हुनुहुन्छ, यदि उहाँ मसँग नहुनुभए निश्चय नै अहिले तपाईंले मलाई रित्तै हात पठाउनुहुनेथियो। तर परमेश्वरले मेरो कष्ट र मेरो हातको मेहनत देख्नुभयो, र तपाईंलाई गत रात हप्काउनुभएको हो।" ४३ लाबानले जवाफमा याकूबलाई भने, "यी छोरीहरू मेरै छोरीहरू हुन्। यी नानीहरू पनि मेरै नानीहरू हुन्। यी बगालहरू मेरै बगालहरू हुन्, र तिमी यहाँ जो देख्छौ सबै मेरै हुन्। तर आज यी मेरा छोरीहरू र तिनीहरूले जन्माएका छोराछोरीहरूलाई म के गर्न सक्छु र? ४४ अब आऊ, तिमी र म आपसमा एउटा करार बाँधौं, र तिम्रो र मेरो बीचमा त्यही नै साक्षी होस्।" ४५ तब याकूबले एउटा ढुङ्गो ल्याएर खामोजस्तै खड़ा गरे। ४६ अनि याकूबले आफ्ना कुटुम्बहरूलाई भने, "तपाईंहरू पनि ढुङ्गाहरू ल्याउनुहोस्।" तिनीहरूले ढुङ्गा ल्याएर एक थुप्रो लगाए, र तिनीहरूले त्यही ढुङ्गाको थुप्रोनेर खानपान गरे। ४७ लाबानले त्यस ढुङ्गाको थुप्रोको नाउँ यगर-सहदूता राखे, र याकूबले त्यसलाई गलेद भने। ४८ लाबानले भने, "आज यो ढुङ्गाको थुप्रो तिम्रो र मेरो बीचमा साक्षीको रूपमा खड़ा छ।" ४९ यसैकारण त्यसको नाउँ गलेद राखियो। त्यसको नाउँ मिस्पा पनि थियो, किनभने उनले भने, 'हामी एक-अर्काबाट अलग हुँदा पनि तिम्रो र मेरो बीचमा परमप्रभुले हेरचाह गरून्। ५० तिमीले मेरा छोराछोरीहरूलाई अनर्थ गर्‍यौ भने अथवा मेरा छोरीहरूबाहेक अरू पत्नीहरू ल्यायौ भने, हामीसँग कोही मानिस नभए तापनि याद गर, तिम्रो र मेरो बीचमा परमेश्वर साक्षी हुनुहुन्छ।" ५१ लाबानले याकूबलाई फेरि भने, "मैले तिम्रो र मेरो बीचमा खड़ा गरेर राखेको यो ढुङ्गाको थुप्रो र खामो हेर। ५२ यो थुप्रो र यो खामो साक्षी रहून् कि यो थुप्रो नाघेर म तिमीकहाँ हानि गर्न पारि आउनेछैनँ, अनि यो थुप्रो र खामो नाघेर तिमी पनि मकहाँ हानि गर्नलाई वारि नआऊ। ५३ अब्राहामका परमेश्वर र नाहोरका परमेश्वर र उनीहरूका पिताका परमेश्वरले, हाम्रा बीचमा इन्साफ गरून्।" यसकारण याकूबले आफ्ना पिता इसहाकको "भय" साक्षीको रूपमा राखेर शपथ

**खाए। ५४ याकूबले त्यस पहाड़ी देशमा बलिदान चढ़ाए, र आफ्ना कुटुम्बहरूलाई खानपान दिए। तिनीहरू खानपान गरेर त्यो रात त्यही ठाउँमा बिताए। ५५ लाबान बिहान सबेरै उठे, आफ्ना नातिनातिनाहरू र छोरीहरूलाई म्वाइँ खाएर तिनीहरूलाई आशीर्वाद दिए। त्यसपछि उनी बिदा भएर घर फर्के" (उत्पत्ति ३१)।**

आफ्ना बाबु आमाको इच्छा अनुसार श्रीमती खोज्न र दाजुको रिसबाट भाग्न एक्लै भागेको याकूबको जीवन २० वर्षसम्म घुमाउरो बाटोमा लागेका हुन्छन्। आफ्नो बाबुआमाबाट त्यति धेरै वर्ष टाढा हुने याकूबको सायद मनसाय थिएन होला। तर, परिस्थिति र परिबन्धमा परि उनी धेरै वर्ष मामाससुराको सेवा गर्न उनी पुगेका थिए। अब उनी आफ्नो घर फर्किन चाहन्छन्, तर कस्तो परिवारको जमात लिएर!

याकूबले लाबानको घरमा पहिले नै किन निस्केन? आफू दविने तर दवाउन नचाहने याकूबको मिजासले उनको स्वभाव परिवर्तन भएका थिए भनेर देखाउँदछ। परमेश्वरमाथि भरोसा राख्ने पाठ उनले सिकिसकेका थिए। त्यसको फलस्वरूप, अब आफ्नो घर फर्किनु छ भने परमेश्वरले शङ्केत गर्न उनी पर्खेका थिए। परमेश्वरले उनीसँग बोलिसक्नुभएपछिमात्र उनी सर्न तयार हुन्छन्। आफू "बेथेलको परमेश्वर हुँ" भनेर परमेश्वरले उनलाई प्रकट गर्नुहुन्छ र लाबानको घर छोडेर आफ्नै घर परिवारकहाँ (उत्पत्ति ३१:१३) जान उनलाई आदेश दिनुहुन्छ। यो त्यही खालको आदेश थियो जुन अब्रामलाई "तिम्रो परिवारबाट निस्केर जाऊ" (उत्पत्ति १२:१) भन्नुभएको थियो।

साथै, लाबानका छोराहरू र लाबानकै मनस्थिति र व्यवहारले गर्दा अब आफू मामाससुराको घरबाट जानुपर्ने उनले महसुस गरेका थिए। "धेरै समय अघि नै आफूसँग खेलबाड गर्ने वा चलाकी मामाससुराको घरबाट याकूब आफ्नो घरमा फर्किन सक्थ्यो। तर, एसावको रिसले गर्दा उनीसँग सामना गर्न याकूब नचाहेकोले उनी मामा घरमै बसे। अब आफू लाबानकै छोराहरूबाट खतरा हुने सङ्केत उनले पाए। फेरि, आफूभन्दा याकूब धेरै धनी भएकोले धेरै दुःख गरि कमाएको श्रीसम्पत्ति उनीबाट लाबानले जबरजस्ती खोस्ला भन्ने डर पनि उनलाई लाग्न थालिसकेको थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. १९३बाट रूपान्तरित। त्यसैकारण, उनले आफ्नो परिवार र सबै

जायजेठा लिएर मामाससुराबाट निस्के। अब परमेश्वरका करारका मानिसहरूको किस्साको अर्को महान् पक्ष सुरु हुन्छ।

**चिन्तनमननः**

**थप जानकारीः** याकूब योग्य भएकोले परमेश्वरले उनलाई चुन्नुभएको थिएन, तर उहाँको अनुग्रहले चुनेको थियो। यद्यपि, परमेश्वरको अनुग्रह पाउन उनले धेरै कठिन परिश्रम गर्नुपरेको थियो। यो त, अनुग्रहको नीतिको बिपरित थियो। यदि याकूबले कमाएको भए उनले पाउने अनुग्रह अनुग्रह नै हुने थिएन। त्यो त कामबाट आर्जना गरेको अनुग्रह हुन्थ्यो (रोमी ४:१-५ हेर्नुहोस्)। यो त सुसमाचारको सन्देशको बिपरित हो। परमेश्वरको अनुग्रहको महत्त्व कतिको रहेछ भनेर याकूबले पछिमात्र बुझ्न थालेका थिए। त्यसको अर्थ परमेश्वरमाथि भरोसा राख्नु, विश्वासद्वारा जिउनु र परमेश्वरमाथि पूरा भर पर्नु नै अनुग्रह हो भन्ने आत्मज्ञान उनमा प्राप्त हुन थालेको थियो। महत्त्वाकाँक्षामा लाग्ने मानिसहरूको निम्ति याकूबको अनुभवको कथाले महत्त्वपूर्ण पाठ सिकाउँछः अरूको मोलमा आफूलाई उचाल्न तँछाडमछाड नगर्नु।

"छलकपट गरेर जेठो छोरोको अधिकार पाउँछु भनेर याकूबले सोचेका थिए, तर उनी आफै निराशमा परेको भेट्टाए। जब उनी घरबाट भाग्दै थिए, आफूले सबै थोक गुमाएँ भनेर सोचेका थिए। परमेश्वरसँगको सम्बन्ध, घर र आफ्नो भन्नु अब केही छैन र भगुवाको जिन्दगी बिताउनुपर्‍यो भनेर उनी आत्मग्लानीमा थिए। तब परमेश्वरले के गर्नुभयो त? उहाँले उनको आशारहित अवस्थालाई उहाँले हेर्नुभयो, उनमा भएको नैराश्यलाई देख्नुभयो र उनमा केही तत्व छ जसले उहाँलाई महिमा गर्न सक्ने क्षमता छ भन्नेकुरोलाई उहाँले देख्नुभयो। उनको नाजुक अवस्थालाई परमेश्वरले देख्नुभएको लगत्तै उहाँले उनको सामु रहस्यमय र अर्थपूर्ण भर्‍याङ्ग प्रस्तुत गर्नुभयो। त्यो भर्‍याङ्ग प्रभु येशू ख्रीष्टको प्रतिक थियो। यहाँ परमेश्वरको असिम प्रेमको ज्वलन्त उदाहरण हाम्रो सामु प्रस्तुत गरिएको पाउँछौं। आफ्नो व्यवहार र खराब आचरणले याकूबले सबै थोक गुमाएको थिए, परमेश्वरसँगको सम्बन्ध पनि उनको टुटेको थियो, तर स्वर्गको परमेश्वरले उनमाथि नजर राख्नुहुन्छ र उनको पापले ल्याएको फाटोलाई ख्रीष्टले पुरिदिनुहुन्छ भनेर जाहेर गर्नुभयो। म स्वर्गको तृष्णा गर्दछु तर त्यसलाई कसरी मेट्ने भनेर सोच्छौं होला। अहँ, मेरो खस्किसकेको जीवन छ र परमेश्वरको समिप आउन म योग्य छैन भन्दै हामी

अन्धकारको भूमरिमा पछारिन्छौं होला। याकूबले त्यही सोचेका थिए, तर परमेश्वरले उनलाई स्वप्नदर्शन देखाउनुभयो जसमा उनले भऱ्याङ्ग देखे। त्यो भऱ्याङ्ग यति लामो थियो कि पृथ्वीबाट आकाशसम्मै पुगेको थियो। त्यस भऱ्याङ्गले उनलाई येशू ख्रीष्टसँग जोडेको थियो। कोही मानिस पनि त्यस भऱ्याङ्गबाट उक्लिन सक्छ किनभने त्यसको जग वा पिंध पृथ्वीमा छ र त्यसको सबभन्दा माथिल्लो भाग स्वर्गसम्मै पुगेको छ।"- एलेन जी ह्वाइट कमेन्टस्, *द एसडिए बाइबल कमेन्टरी,* ठेली १, पृ. १०९५बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **पवित्र धर्मशास्त्रको इतिहासमा उल्लेख गरेका केही पात्रहरू हेर्नुहोस्, उदाहरणमा इसहाक, रेबेका, याकूब, एसाब, लाबान, राहेल, लेआ आदि। सबै जना कुनै न कुनै प्रकारले झुटमुट, छलकपट, धोकावाजी र अरूहरूको जीवनलाई खेलाँची गर्ने नकरात्मक चरित्रले तिनीहरू खाँदिएका थिए। साधारण मानव चरित्रलाई तिनीहरूले प्रतिबिम्ब गरेका थिए, तैपनि तिनीहरूप्रति परमेश्वरले आफ्नो अनुग्रह देखाउनुभएको थियो। त्यसबाट हामीले उहाँको अनुग्रहको बारेमा के सिक्न सक्दछौं?**


आ. **जब तपाईंले याकूबको जीवन कहानी पढ्नुहुन्छ तब उनी परमेश्वरको आस्थामा, आफ्नो स्वभावमा र चरित्रमा परिपक्व हुँदै बढिरहेको प्रमाण तपाईंले कसरी पाउनुहुन्छ?**

इ. **हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामीले पाएका ज्ञान र आत्मज्ञानलाई पनि एसाबले जस्तै मनस्थिति पारेर हेलचक्राइँ गर्ने खतराबाट हामी कसरी जोगिने? त्यसको अर्थ, परमेश्वरले हामीलाई दिनुभएको ज्ञानको सबै ज्योतिलाई प्रेम गरिरहनु, सराहाना गरिरहन र आभारित हुन हामी कहिल्यै रोक्नुहुन्न भन्ने कुरालाई कसरी आत्मसात् गर्ने?**

# कथा ९

# प्रभुको सही दिन

## क्रिस्टिना भिटा क्याभिम्बी फराज, २१, आङ्गोला



म पास्टरकै घरमा जन्मेको थिएँ र हुर्केको थिएँ। मैले परमेश्‍वरको बारेमा सिकें तर उहाँको सातोदिन साबथको बारेमा मैले सिकेको थिइनँ। मेरो बुबा सुसमाचार प्रचारक हुनुहुन्छ र सबै धर्महरूलाई सम्मान गर्न उहाँले सिकाउनुभएको थियो। तर उहाँ एडभेन्टिस्ट चर्चमा कहिल्यै पनि पाइला टेक्न चाहनुभएको थिएन। त्यो चर्च हाम्रै सहरमा थियो जुन आङ्गोलाको राजधानी लुवान्डामा थियो। उहाँले एडभेन्टिस्ट चर्चको बारेमा गलत कुराहरू सुनेका थिए जसले गर्दा उहाँ त्रसित हुनुभएको थियो। उहाँले मलाई र परिवारको अरू सदस्यहरूलाई एडभेन्टिस्ट चर्चमा पस्न पनि मनाही गर्नुभएको थियो।

म ठूलो भएपछि काम गर्न अर्कै सहरमा सरें। म एक जना काका र उनको परिवारसँग बसें। म अरू धेरै सहकर्मीहरूसँग दिउँसो खाजा खानेबेलामा बाइबल अध्ययन गर्न थालें।एक जना एडभेन्टिस्टले बाइबल अध्ययनमा अगुवाइ गर्थे। उनीबाहेक सबैले आइतबार नै प्रभुको दिन भनेर विश्‍वास गर्थे। शनिबार नै बाइबलले बताएको अनुसार सही साबथ हो भन्ने उनको ठोकुवाले गर्दा म अलमलमा परें। साबथको बारेमा म अझ धेरै जान्न चाहें।त्यसकारण उनले मलाई एउटा किताब र एडभेन्टिस्ट सुसमाचारका प्रवचन भएको सीडीहरू दिए। मैले त्यो किताब पढें र प्रवचनहरू हेरें। जब साबथको बारेमा सिक्न थालें तब मेरो दिमागमा ठूलो भाँडभैलो भयो, शनिबार मान्ने कि आइतबार।

एक दिन म घरमा आएँ र मेरा आफन्तहरू प्रवचन हेरिरहेका थिए। मेरो काकाले सोध्नुभयो, "त्यो पास्टर को हो? उनी कस्तो ज्ञानी।उनले बाइबलमा लेखिएको बारेमात्र प्रचार गरहेकाछन।" मैले सोचें, "म पनि बाइबलमा जे लेखेकोछ त्यही विश्‍वास गर्न चाहन्छु।" म आफैले बाइबल

पढ्न थालें र मानिसका परम्पराहरू होइन परमेश्‍वरको चाहना अनुसार चल्न निर्णय गरें। जब म आफ्नै घरमा फर्कें तब मैले मेरो बुबा र चर्चका अगुवाहरूसँग भेट्न अनुरोध गरें। बाइबलबाट मैले भेट्टाएको नयाँ सत्यको बारेमा मैले तिनीहरूलाई सुनाएँ। सृष्टिको अन्त्यमा उत्पत्ति २:२-३ अनुसार पवित्र गरिएको साबथ र परमेश्‍वरले आफ्नै औंलाहरूले ढुङ्गाको पाटीमा लेखेका प्रस्थान २०:८-११को दश आज्ञाहरू पनि औंल्याइदिएँ। येशूले नियमितरूपमा हप्ताको सातौं दिन साबथ पालन गर्नुभएको र उहाँ स्वर्ग जानुभएपछि उहाँका चेलाहरूले उहाँको उदाहरण अनुसार साबथ पालन गरेको पनि मैले सुनाएँ। "यी सत्यहरूलाई तपाईंले हाम्रो चर्चमा किन सिकाउनुहुन्न?" मैले तिनीहरूलाई सोधें।

जब मेरो बुबाले मेरो कुरा सुने, चर्चका अरू अगुवाहरूलाई पनि सातौं दिन साबथको बारेमा तिनीहरूलाई ज्ञान भएको स्वीकारे। तिनीहरूले आइतबार नै किन पालन गरे सो तिनीहरूले बुझाउन सकेन।तर तिनीहरूले एडभेन्टिस्ट चर्चमा नजान मलाई चेतावनी दिए। "यदि तिमी त्यस चर्चमा सरिक भयो भने तिमीले हाम्रो चर्चको प्रचारक सेवाकार्य गर्ने अधिकार गुमाउनेछौ," तिनीहरूले मलाई सतर्क गराए। "यदि म चर्चमा सुसमाचार कार्यको पद समालिनै राखें भने बाइबलमा जे लेखिएको छ त्यो सत्यमात्र सिकाउनेछु। मैले एडभेन्टिस्ट सन्देश नै सुनाउनेछु," मैले जिकिर गरें। निराश भएर चर्चका अगावहरूले स्थानीय एडभेन्टिस्ट चर्चलाई एक पत्र पठाएर भने कि म तिनीहरूको चर्चको सदस्य हुँ तर म एडभेन्टिस्ट हुनेछैन। तैपनि म बाइबल अध्ययन गरिनै रहें र एडभेन्टिस्ट चर्च पास्टरबाटै बप्तिस्मा लिएँ।

आज म त्यही मानिससँग विवाह गरेको छु जसले काम गर्ने ठाउँमा साबथको बारेमा सिकाउँथे। मेरो हृदय खुशीले गदगद भएको छ। मेरा तीन जना भाइहरू पनि बप्तिस्मा लिए। मेरा बुबा र आमाले पनि बाइबल अध्ययन गर्दै हुनुहुन्छ। तिनीहरू छिट्टै बप्तिस्मा लिनुहुने कुरामा म विश्‍वस्त छु। तिनीहरूको निम्ति र मेरा परिवारका अरू सदस्यहरूको निम्ति पनि प्रार्थना गर्नुहोस् ताकि बाइबलको मुताविक तिनीहरूले पनि परमेश्‍वरको इच्छा पालन गरुन्।